# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

## घर नक्सा पास गर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना

प्रकरण-१

घर नक्सा पासको अधिकार क्षेत्र नगरपालिका भित्र पर्ने भएको र सहरी विकास मन्त्रालयले २०७२/०६/१३ मा जारी गरेको वस्ती विकास, सहरी योजना तथा घर निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ बमोजिम नगरपालिकाबाट नक्सा पास नगराई नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने मोहडा फेर्ने वा साविकमा थपघट गरी झ्याल ढोका, बार्दली, कौशी, दलान, टहरा, तवेला, ट्रष्ट वा ग्यारेज बनाउने वा कम्पाउन्ड वाल लगाउने कार्य नगर्नु नगराउनु हुन जानकारी गराइन्छ। कसैले नगरपालिकाबाट नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृती विना हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए रु.५ लाख सम्म र पास भएको नक्सामा स्वीकृती बेगर हेरफेर गरी भवन बनाएको भए रु.२ लाख सम्म जरिवाना गरी नगरपालिकाले सो भवन वा त्यसको कुनै भाग भत्काउन सक्ने छ। यसरी भवन, संरचना भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिने छ।

प्रकरण २)

२०७५ साल श्रावण मसान्त आगाडि घर बनाई सम्पन्न भैसकेका तर नगरपालिकाबाट घर नक्सा पास नगराएका घरहरुको हकमा घर नक्साको अभिलेखीकरण गर्नुहुन सरोकारवाला सर्वसाधारण सबैको लागि यो सूचना गरिन्छ र उक्त अभिलेखीकरण गर्ने कार्यको लागि २०७५ साल चैत्र मसान्त सम्म म्याद थप गरिएको व्यहोरा समेत अनुरोध छ। २०७५ भाद्र १ गतेदेखि नयाँ घर, संरचना बनाउँदा न.पा. बाट नक्सा पास नगरी बनाएको पाइएमा उपरोक्त प्रकरण १ बमोजिम जरिवाना लाग्ने व्यहोरा समेत जानकारी गराइन्छ।